जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १७८ २०८२ साल फागुन २ गते शनिबार (14 Feb 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व शान्तिमा नेपाली ... ३ पृष्ठमा : सञ्चार मन्त्रालयको दोस्रो ... ३ पृष्ठमा : जनमतसङ्ग्रहमा सुधारको ...

# कारागारको सुरक्षामा खटिए नेपाली सेना
# ६९ जना कैदीबन्दीले मतदान गर्न पाउने



फायल तस्बिर




**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै कारागार कार्यालय सप्तरीको सुरक्षा नेपाली सेनाले सम्हालेको छ।

राजविराज नगरपालिका वडा नं. ७ स्थित रहेको जिल्ला कारागार कार्यालयको सुरक्षा नेपाली सेनाले सम्हालेको हो।

राजविराजस्थित बरख गणका सहायक सेनानी मिलन यौन्जनको कमाण्डमा २२ जनाको सैनिक टोली कारागारको सुरक्षामा खटिएको प्रमुख सेनानी सोभित बहादुर चन्दले जानकारी दिए।

उनले निर्वाचन अवधि सम्मका लागि केन्द्रकै नीति अनुसार कारागार सुरक्षामा सेना खटिएको बताए। सुरक्षा व्यवस्था थप सुदृढ बनाउने उद्देश्यले कारागारमा नेपाली सेनालाई डियुटी हस्तान्तरण गरिएको कारागार प्रशासनले जनाएको छ।

केही दिनअघि मात्र सो कारागारका कैदीबन्दीका साथबाट प्रतिबन्धित लागुऔषध गाजा र मोबाइल फेला परेको थियो। यसअघि गत भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कारागारबाट कैदीबन्दीहरु फरार समेत भएका थिए। कारागारका भवन अतिजिर्ण अवस्थामा पुगेको छ। जसकारण पनि कारागार सुरक्षाको दृष्टिकोणले अतिसंवेदनशिल छ।

यता कारागारमा अघिल्लो निर्वाचनको तुलनामा बन्दी अवस्थामा रहेका मतदाताको संख्या यसपटक झण्डै डेढ गुणाले बढी छ। बि.स.२०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ४७ जना कैदी बन्दीले मतदान गरेका थिए भने यसपटक ६९ जना कैदीबन्दीको नाम मतदाता सुचीमा रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेश कुमार जोशीले जानकारी दिए।

उनले मताधिकार प्राप्त गर्ने कैदीबन्दीका लागि कारागारमा एउटा अस्थायी मतदान केन्द्र स्थापना गरिने तथा मतदाता नामाबलीमा समेटिएका कैदीबन्दीले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउने व्यवस्था रहेको बताए।

कारागारमा हाल क र ख गरी दुई ब्लकमा कुल ३ सय ७६ कैदी बन्दी छन्। जसमध्ये ७ जना भारतीय नागरिक छन्।

कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता रहेको जिल्लामा २ सय ९६ मतदान स्थल र ५ सय ६२ मतदानकेन्द्र कायम गरिएको छ। जसमध्ये २ सय ९ मतदान स्थल अतिसंवेदनशिल र ८३ स्थल संवेदनशिल तथा ४ वटा मतदान स्थल मात्र सामान्य सूची रहेका छन्।

# आइतबारसम्म मतपत्र छपाइ सकिने

भक्तपुर, १ फागुन (रासस)।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र छपाइ अन्तिम चरणमा पुगेको छ। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले मतपत्र छपाइ गरिरहेको छ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले दैनिक १२ देखि १५ लाख मतपत्र छपाइ भइरहेको र आइतबारसम्म सबै छपाइ सम्पन्न हुने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “शुक्रबार बिहानसम्ममा छ प्रदेशको मतपत्र छपाइ सम्पन्न गरेर बागमती प्रदेशका लागि आवश्यक मतपत्र छपाइ सुरु गरेका छौं। कुल दुई करोड तीन लाख मतपत्र छपाइ गर्नुपर्नेमा एक करोड ७३ लाख मतपत्र छपाइ सम्पन्न भएको छ। आइतबारसम्म बाँकी ३० लाख मतपत्र छपाइ गरेसँगै सबै मतपत्र छपाइ सम्पन्न हुनेछ।”

उम्मेदवार धेरै भएका जिल्लामा ठूलो आकारको र थोरै उम्मेदवार भएको जिल्लामा सानो मतपत्र छाप्नुपर्ने हुँदा छपाइमा केही दिन ढिला भएको जानकारी दिँदै प्रबन्ध निर्देशक पौडेलले छपाइ सकिएका जिल्लाका लागि नेपाली सेनामार्फत मतपत्र ढुवानी सुरु गरिएको बताउनुभयो।

केन्द्रले छपाइ सम्पन्न गरेका १० लाख नमुना मतपत्र निर्वाचन आयोगले विभिन्न ठाउँमा पुऱ्याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी जिल्ला जिल्लामा ढुवानी सुरु भइसकेको छ।

केन्द्रका अनुसार कर्णाली प्रदेशका सल्यान, रुकुमपश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेतका निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी सकिएको छ। ५८ जिल्लाका १२४ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएर ढुवानी भइरहेको छ।

केन्द्रले डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभाको मतपत्र छपाइ सम्पन्न गरिसकेको छ।

यस्तै, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्तापश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुमपूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्तापूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा र सिन्धुपाल्चोकको मतपत्रसमेत छपाइ सकिएको केन्द्रले जनाएको छ।

# नि:शुल्क स्वास्थ्य सेवा र शिक्षासहित जसपाको घोषणापत्र सार्वजनिक

**दैनिक समाचारदाता**
**काठमाडौं, १ फागुन ।**

जनता समाजवादी पार्टी ( जसपा) नेपालले सार्वजनिक गरेको घोषणापत्रमा सामाजिक न्याय, समावेशिता, समान अवसर र पारदर्शी शासनमार्फत लोककल्याणकारी राज्य निर्माण गर्ने मूल लक्ष्य प्रस्तुत गरेको छ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि शुक्रबार सार्वजनिक गरेको घोषणापत्रमा सबै नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरिने उल्लेख गरिएको छ। स्वास्थ्य सेवालाई राज्यको पूर्ण दायित्वका रूपमा स्थापित गर्दै गुणस्तरीय र सर्वसुलभ उपचार सेवा सुनिश्चित गर्ने प्रतिबद्धता जनाइएको छ।

शिशु कक्षादेखि उच्च तहसम्म नि:शुल्क शिक्षा सुनिश्चित गरिने, शिक्षाको पूर्ण सार्वजनिककरण गर्दै स्कुल, कलेज र विश्वविद्यालयदेखि उच्च तहसम्मको शिक्षा पूर्ण रूपमा नि:शुल्क बनाइने पार्टीले जनाएको छ। यस्तै, कानुन र न्यायलाई पूर्ण रूपमा सार्वजनिक दायित्वका रूपमा स्थापित गर्दै सबै नागरिकका लागि नि:शुल्क कानुनी सहायताको व्यवस्था गरिने घोषणापत्रमा उल्लेख छ।

नेपाललाई नगदरहित कारोबार गर्ने देशको रूपमा रूपान्तरण गर्दै लगिने, सहकारी पीडितलाई न्याय दिलाइने तथा २०४७ सालदेखि हालसम्मका जनप्रतिनिधि, उच्च पदस्थ कर्मचारी, सुरक्षा निकायका पदाधिकारी र संवैधानिक आयोगका पदाधिकारीहरूको सम्पत्ति छानबिन गरिने उल्लेख गरिएको छ।

घोषणापत्रमा वैदेशिक रोजगारी, जलवायु परिवर्तन र वातावरणीय न्याय, चुरे संरक्षण र पर्यावरणीय सन्तुलन, वैज्ञानिक भूउपयोग, भूमि

*बाँकी तीन पृष्ठमा*

# नक्कली नेपाली नोटसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, १ फागुन ।**

रौतहटमा नक्कली नेपाली हजार दरका १४ थान नोटसहित दुईजना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बिहीबार अपराह्न करिब ३ बजे वृन्दावन नगरपालिका-१ विश्रामपुर बजारस्थित विशाल किराना पसलमा पेट्रोल किन्न पुगेका दुई जनाले नक्कली नोट प्रयोग गर्न खोजेपछि घटना सार्वजनिक भएको हो।

पक्राउ पर्नेमा वृन्दावन-२ विश्रामपुरका ३२ वर्षीय दिनेश पटेल र सर्लाही बरहथवा नगरपालिका-१ का ३० वर्षीय विवेक प्रसाद यादव रहेका छन्। उनीहरू बीआर ३० एआर ७७५५ नम्बरको मोटरसाइकलमा आएका थिए।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बिष्णु प्रदीप बस्यालका अनुसार पसल सञ्चालकले दिएको नोट शंकास्पद देखिएपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि खटिएको प्रहरी टोलीले जाँच गर्दा दिनेश पटेलको गोजीबाट हजार दरका १२ थान र विवेक प्रसाद यादवले मोबाइल कभरभित्र लुकाएर राखेको हजार दरका २ थान गरी जम्मा १४ थान नक्कली नोट बरामद गरेको जनाएको छ।

दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।**

❖ प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।
❖ मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।
❖ निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
❖ निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### महाशिवरात्री पर्व सभ्य रुपमा मनाऔं

महाशिवरात्री हिन्दुहरूको प्रमुख चाड पर्व मध्ये एक हो । यस पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रि मध्ये एक पवित्र पर्वका रूपमा पुराणहरूमा वर्णित छ । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई सम्पूर्ण दीन दु:खी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइने गरिन्छ । व्रत उत्सव मध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रीका दिन भक्तजनहरूले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्दछन् ।

यस पर्वका दिन उपवास गरी "ॐ नम: शिवाय" मन्त्र जप्ने गरेमा सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ । ब्रह्माले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन, शिव पार्वतीको विवाहको दिन शिवरात्रि पर्व कृष्ण चतुर्दशीमा मनाइन्छ । निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिंगमा दूधको अभिषेक र शिव महिमा कीर्तन शिवरात्रिको पूजा अर्चनाका मुख्य अङ्ग मानिन्छन् । पूजन वा शिवार्चनमा इशान मूर्तिलाई दुधले स्नान गराइन्छ । सृष्टिको प्रारम्भमा यसै दिन मध्यरात्रि कालमा भगवान् शंकर ब्रह्माबाट रुद्रका रूपमा अवतरण भएका थिए भन्ने धार्मिक विश्वास रहेको छ । तर कहिले यो पर्वमा भाग, गाजा तथा धतुर सेवन गर्ने परम्परा जस्तै भइसकेको छ । यसमा भक्तजनहरु ती पदार्थहरु सेवन गरि आफूलाई शिवको भक्त ठान्ने गरेका छन् । शरीरलाई हानी पुऱ्याउने पदार्थहरु सेवन गर्नु पक्कै पनि राम्रो होइन् ।

तसर्थ भगवान शिवको उत्पत्ति भएको रातका नामबाट नामकरण भएको शिवरात्री सभ्य रुपमा पुजाआजा गरि मनाउनेतर्फ ध्यान पुगेमा संस्कृतीको जर्गेर्ना, उत्थान तथा सम्बर्द्धन हुने कुरामा दुई मत नहोला ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व शान्तिमा नेपाली सेनाको गर्वलायक उपस्थिति...

**नारायण न्यौपाने**
काठमाडौँ, १ फागुन (रासस) ।
विश्व शान्तिमा नेपाली शान्ति सैनिक आफूलाई साहासिक, अनुशासित एवं व्यावसायिक परिचय दिलाउन सफल भएका छन् । सन् १९५८ मा लेबनानमा पाँच सैनिक पर्यवेक्षक खटाइ संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति अभियानमा सहकार्य सुरु गरेको नेपाली सेना अहिले उक्त विश्व मञ्चको दह्रो सहयात्री बनेको छ ।

राष्ट्रसङ्घको छातामुनि रही नेपाली सेनाले जोखिमयुक्त कार्य र जिम्मेवारीलाई समेत सहजै स्वीकार गरी इमान्दार, व्यावसायिक र आदेशपालक 'च्याम्पियन' सैनिकको परिचय दिलाउन सफल रहेको सिरियास्थित युएन शान्ति मिसनका पूर्वफोर्स कमाण्डर ईश्वर हमाल बताउनुहुन्छ ।

पूर्वरथी हमाल भन्नुहुन्छ, "नेपाली शान्ति सैनिक अनुभवी, अनुशासित, तटस्थ, व्यावसायिक, आदेशपालक र भरपर्दो सैनिकका रूपमा परिचित छ । जोखिम अवस्थामा पनि तत्कालै परिचालित हुने भएकाले पनि नेपाली शान्ति सैनिकलाई सबैले मन पराउँछन् ।"

विश्व शान्ति, सुरक्षा, समानता र परस्पर सम्मानको साझा उद्देश्यका साथ स्थापना भएको विश्व मञ्चमा नेपालको प्रवेश भने सन् १९५५ डिसेम्बर १४ मा भएको थियो । नेपालले सन् १९६९-७० र सन् १९८८-१९८९ मा दुईपटक राष्ट्रसङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यको भूमिकासमेत सफलतापूर्वक निर्वाह गरिसकेको छ । त्यसो त नेपालको परराष्ट्र नीतिमै पनि राष्ट्रसङ्घकै बडापत्रको सिद्धान्तलाई सर्वाधिक प्राथमिकता दिइएको छ । द्वन्द्वग्रस्त मुलुकमा शान्ति सैनिक पठाइने सिलसिलामा युएनको झण्डामुनिमात्र जाने नेपालले राष्ट्रिय नीति अवलम्बन गरेको छ ।

राष्ट्रको आह्वानमा पुरानो गोरख गण सन् १९७४ मा इजिप्टमा पहिलोपटक तैनाथ भएको थियो । त्यस समयदेखि सङ्घका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदै आएको छ । यस अवधिमा ४४ मिसनमा एक लाख ६२ हजार ४९६ 'ब्लु हेल्मेट धारी' शान्तिकामी नेपाली सैनिकले योगदान पुऱ्याइसकेका छन् । त्यसबापत सोही सङ्ख्यामा 'राष्ट्रसङ्घीय शान्ति पदक' प्राप्त गरिसकेका छन् । विश्व शान्ति अभियानमा तीन हजार ६६६ बढी नेपाली महिला शान्ति सैनिकको योगदान छ । यसबीचमा सेनाले इन्जिनियर, मेडिकल र विशेष फौजको टुकडीजस्ता विशिष्ट क्षमताको फौज सहभागी गराएर राष्ट्रसङ्घको शान्ति कार्यमा महत्त्वपूर्ण योगदान दिइरहेको छ ।

साइप्रस मिसनमा खटिनुभएका नेपाली सेनाका पूर्वफोर्स कमान्डर रथी भिक्ट्रीशम्सेर जबरा (अप्रा) अन्तरराष्ट्रिय जगत्मा मिसन हाल्ने गरी द्वन्द्वरत मुलुकमा फोर्स कमान्डर भएर जान पाउनु देश र सङ्गठनका लागि ठूलो अवसर भएको प्रतिक्रिया दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, "त्यसबेला त्यहाँ युरोप, अष्ट्रेलिया, अर्जेनटिनालगायत १५ मुलुकका करिब एक हजार ७०० जति शान्ति सैनिक परिचालित थिए । फोर्स कमान्डरका हैसियतले त्यसको नेतृत्वको जिम्मेवारी थियो ।"

नेपाली शान्ति सैनिकको कर्तव्यप्रति निष्ठा र उत्कृष्ट कार्यसम्पादनको राष्ट्रसङ्घलगायत निकायबाट उच्च प्रशंसा हुँदै आएको छ । विश्व शान्ति स्थापना कार्यमा परिचालित हुँदा हालसम्म ७४ नेपाली शान्ति सैनिकको वीरगति प्राप्त गरेका छन् भने ७७ जना गम्भीर घाइते भएका छन् ।

पछिल्लो समय युएनमा आर्थिक अभावका कारण द्वन्द्वरत मुलुकमा स्थापना भएका मिसनमा परिचालित हुने शान्ति सैनिकको सङ्ख्यामा कटौती गरिएको छ । विसं २०७९ मङ्सिरमा सेन्ट्रल अफ्रिकन रिपब्लिकमा शान्ति सैनिक तैनाथीसँगै मिसनमा सैनिक खटाउने मुलुकको सूचीमा नेपाल पहिलो वरियतामा पुगेको थियो । त्यसबेला नेपाली शान्ति सैनिकको सङ्ख्या सबैभन्दा बढी छ हजार १६ पुगेको थियो ।

विश्वका १० मिसनमा हाल ३९१ महिलासहित चार हजार ३०२ नेपाली शान्ति सैनिक परिचालित छन् । महिला सैनिक खटाउने देशको सूचीमा पनि नेपाल अग्रस्थानमै छ । राष्ट्रसङ्घले विश्व शान्तिकार्यका लागि नोबल पुरस्कार प्राप्त गर्नुमा नेपाली शान्ति सैनिकको पनि ठूलो योगदान छ ।

नेपालले अन्तरराष्ट्रिय मञ्चमा शान्ति र समानताका लागि सदैव जोड दिँदै आएको छ । नेपाल सधैँ विश्व शान्ति र सद्भावका लागि प्रतिबद्ध छ । राष्ट्रसङ्घबाट नेपालाई अनुरोध भइआएमा ६० दिनभित्र मिसनमा तैनाथ गराउन सक्नेगरी उपकरण र आवश्यक थप जनशक्ति तयारी अवस्थामा रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रलाई 'सेन्टर अफ एक्सेलेन्स' बनाउने लक्ष्यअनुरूप भौतिक पूर्वाधार स्तरोन्नतिको काम भइरहेको छ । त्यस स्थानमा शान्ति स्थापना कार्यमा बहुराष्ट्रिय शान्ति सैनिकबीच अन्तरसम्बन्ध र साझेदारी बढाउन संयुक्त राष्ट्रसङ्घको शान्ति अभियानसँग सम्बन्धित विभिन्न अभ्यासहरू सञ्चालन हुँदै आएको छ ।

जसअनुसार एक वर्षमा विदेशी ३१ र स्वदेशी ६४ जनाको सहभागितासहित चारवटा युएनसम्बन्धी विशिष्टिकृत तालिम सञ्चालन भयो । सोही अवधिमा उक्त केन्द्रमा १२ वटा शान्ति सेनाका युनिटका तीन हजार ५३१ जनालाई 'प्रिडिप्लोयमेन्ट' तालिम दिइयो । अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको कूटनीतिक सम्बन्ध हासिल गर्ने एक महत्तवपूर्ण उपाय र संयन्त्रका रूपमा नेपाली शान्ति सैनिक रहेको छ ।

राष्ट्रसङ्घमा फौज उपलब्ध गराएबापत नेपाललाई प्राप्त हुने रकम विदेशी मुद्रा आर्जन गर्ने महत्तवपूर्ण स्रोत हो । शान्ति मिसनमा काम गर्ने सिलसिलामा नेपाली शान्ति सैनिकले नेपालको मूल्य, मान्यता, संस्कृति, भाषा र जीवनशैलीलाई विश्वमाझ परिचित गराएका छन् । त्योसँगै विश्वका विभिन्न प्रणाली, प्रविधि र असल अभ्यासबारे जानकारी लिने अवसर प्राप्त भएको छ ।

परराष्ट्र सम्बन्ध विस्तारका हिसाबले दूतावास नभएका ठाउँमा खटिएका शान्ति सैनिकबाट प्रत्यक्ष नभए पनि परोक्ष रूपमा सम्बन्ध विस्तारमा सहयोग पुग्दै आएको छ । उदाहरणका लागि राष्ट्रसङ्घको शान्ति कार्यलाई सबलीकरण गर्ने उद्देश्यले शान्ति स्थापनासम्बन्धी विविध विषयमा छलफल गर्न संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रका परराष्ट्र र रक्षामन्त्रीको सहभागितामा प्रत्येक दुई वर्षमा मन्त्रीस्तरीय बैठक बस्दै आएको छ । जुन बैठकले विश्वका विभिन्न देशसँग नेपालको सम्बन्ध विस्तारमा सहयोग पुगिरहेको छ ।

सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्रसङ्घको वडापत्र लागू भएको दिनको सम्झनास्वरूप संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष उक्त दिनलाई संयुक्त राष्ट्रसङ्घ दिवसका रूपमा मनाउँदै आइरहेको छ । सोही सिलसिलामा नेपाली सेनाले पनि वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा विविध कार्यक्रम आयोजना गरी 'संयुक्त राष्ट्रसङ्घ दिवस' मनाउँदै आएको छ । नेपाली सेनाको शान्ति मिसन यात्रा सुरु भएयता राष्ट्रसङ्घीय शान्ति मिसनमा रही नेपाली सेनाका उच्च अधिकृतले सेक्टर र फोर्स कमान्डरका रूपमा जिम्मेवारी सम्हाल्दै आउनुभएको छ ।

यसअघि तत्कालीन रथी कृष्णनारायणसिंह थापा (कुवेत), रथी भिक्ट्रीशम्शेर जबरा (साइप्रस), उपरथी बालानन्द शर्मा (इजरायल/सिरिया), उपरथी पवनजङ्ग थापा (दक्षिण सुडान), उपरथी पूर्णचन्द्र थापा, रथी ईश्वर हमाल र रथी निर्मलकुमार थापाले (सिरिया) मिसनमा फोर्स कमान्डरको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नुभयो । हाल दक्षिण सुडानमा बलाध्यक्ष रथी गणेशकुमार श्रेष्ठ कार्यरत हुनुहुन्छ ।

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहबाट दिव्योपदेशमा उल्लेख गरेअनुरूप 'सिपाही भन्या तिषारी राख्न हुन' भन्ने पक्षलाई अनुशरण गर्दै नेपाली सेनाले व्यावसायिक सीप र दक्षताका आधारमा विश्वका उत्कृष्ट सेनाको पङ्क्तिमा आफूलाई अब्बल सावित गरिरहेको छ ।

संयुक्त अधिराज्य बेलायतको वेल्सस्थित ब्रेकनमा वार्षिक रूपमा आयोजना हुने अत्यन्तै कठिन र जोखिमयुक्त अभ्यास क्याम्ब्रियन र पाकिस्तानमा हुँदै आएका गस्तीमा नेपाली सेना तीनपटक सर्वोत्कृष्ट भई स्वर्ण पदक जित्न सफल भएको छ । बेलायतमा भएको प्रतियोगितामा ३७ राष्ट्रका १२१ अन्तरराष्ट्रिय सैनिक टोलीलाई र पाकिस्तानमा भएको प्रतियोगितामा १७ राष्ट्रक ३८ सैनिक टोलीलाई पछि पार्दै नेपाली सेनाले प्राप्त गरेको नतिजाले नेपाली सेना एक कुशल, व्यावसायिक र लगनशील सैनिकका रूपमा विश्वभर स्थापित भएको छ ।

अत्यन्तै कठिन गस्तीका रूपमा रहेको उक्त अभ्यासमा जटिल परिस्थितिमा पनि आफ्नो फौजलाई जोगाएर मिसन पूरा गर्ने, खबर सङ्कलन गर्ने, आएको हतियार नष्ट गर्ने, घाइते तथा बिरामीलाई उचार गर्ने, विरोधीलाई पक्रने तथा रात्रिकालीन आक्रमण गर्ने कार्यमा नेपाली सेनाले आफ्नो गोर्खाली फौजको वीरता, सहास र व्यावसायिकता प्रदर्शन उजागर गरेको छ ।

विश्वका विभिन्न द्वन्द्वरत राष्ट्रमा खटिएको नेपाली शान्ति सैनिकले राष्ट्रसङ्घ र नेपालको मान, प्रतिष्ठा र इज्जत अभिवृद्धि गर्न महत्तवपूर्ण योगदान गरिरहेको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेत बताउनुहुन्छ । यस परिप्रेक्ष्यमा २६३औँ वार्षिकोत्सव मनाइरहँदा नेपाली सेनाले विश्व समुदायमाझ अनुशासित, विश्वासनीय र भरपर्दो शान्ति सैनिकको पहिचान बनाउन सफल भएको छ ।

# सञ्चार मन्त्रालयको दोस्रो त्रैमासिक समीक्षाः पुँजीगत खर्च बढाइनुपर्नेमा जोड

काठमाडौँ, १ फागुन (रासस) ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले पुँजीगत खर्च बढाएर जनतालाई सुशासनको प्रत्याभूत हुनेगरी कार्यसम्पादन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बद्ध निकायका प्रमुखलाई निर्देशन दिनुभएको छ ।

बिहीबार मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सचिव बस्नेतले मन्त्रालयअन्तर्गतका निकायले समस्याको पहिचानसँगै त्यसको निदान गरी जनताले प्रतिफल पाउन सक्नेगरी कार्यसम्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

सचिव बस्नेतले अन्तरनिकायको प्रभावकारी समन्वयका साथ सेवा प्रभावलाई चुस्त र प्रभावकारी बनाउन निर्देशन दिनुभयो । उहाँले बेरुजु फछर्याेटमा ध्यान दिन पनि आग्रह गर्नुभयो । सचिव बस्नेतले भन्नुभयो, "मन्त्रालय र अन्तर्गतका निकायको बेरुजु फछर्याेटका लागि ध्यान दिन सम्बन्धित निकायले ध्यान दिन जरुरी छ । यसका लागि मन्त्रालयले कार्ययोजना बनाएर नियमित अनुगमनका साथ समन्वय र सहजीकरण गर्नेछ ।"

मन्त्रालयअन्तर्गतका निकायमा बजेट अभाव, समन्वय कमी, प्रक्रियागत झन्झट आदिले नतिजामुखी हुन नसकेको सचिव बस्नेतको भनाइ छ । उहाँले कार्यान्वयनयोग्य योजनाको प्राथमिकीकरण गर्न तथा योजना बैंकमा समावेश गर्नुपर्ने योजनाहरूलाई समयमै मन्त्रालयमा उपलब्ध गराउन समेत आग्रह गर्नुभयो ।

राष्ट्रिय समाचार समिति (रासस)का महाप्रबन्धक सन्दीप राईले राससको चालु आवको कार्यक्रम सन्तोषजनक रहेको बताउनुभयो । अस्थायी तथा करार सेवामा रहेका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको, संस्थागत संरचना र नीतिगत सुधारका काम गरिएको भन्दै मन्त्रालयमातहतका अन्तरनिकायको बलियो समन्वय जरुरी रहेको उल्लेख गर्नुभयो ।

सार्वजनिक सेवा प्रसारण (पिएसबी) नेपालका अध्यक्ष डा महेन्द्र बिष्टले पिएसबीको मर्म र भावनाअनुरूप स्रोतसाधनको सुनिश्चितता हुनुपर्नेमा जोड दिनुभयो । अर्थ मन्त्रालयका उपसचिव कमला खरेलले राजस्वभन्दा दायित्व बढिरहेको सन्दर्भमा चालु खर्च घटाइ मितव्ययीता अपनाउनुपर्नेमा जोड दिनुभयो ।

सञ्चारसम्बद्ध निकायका प्रमुख एवं प्रतिनिधिहरूले आआफ्नो कार्यालयले गरेको कार्यसम्पादन, चुनौती र आगामी योजनाबारे जानकारी गराउँदै अन्तरमन्त्रालय समन्वय अपरिहार्य रहेको धारणा व्यक्त गरेका थिए । मन्त्रालयहरूबीच समन्वय हुन नसक्दा कार्यसम्पादन प्रभावकारी हुन नसकेको उनीहरूको भनाइ थियो ।

रासस, पिएसबी नेपाल, गोरखापत्र संस्थान, विज्ञापन बोर्ड, चलचित्र विकास बोर्ड, हुलाक सेवा विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, सामाजिक सुरक्षा कोष, सूचना तथा प्रसारण विभाग, सुरक्षण मुद्रण केन्द्रलगायत निकायले कार्यप्रगति प्रस्तुत गर्दै स्रोतसाधन र समन्वय भएको कार्यप्रगतिले गति लिने विश्वास व्यक्त गरे ।

मन्त्रालयका अनुसार चालु आवको दोस्रो त्रैमासिक समीक्षा अवधिमा मन्त्रालयअन्तर्गतका १९ निकायमध्ये आठवटा निकायको ३० प्रतिशतभन्दा माथि प्रगति भएको छ । तीनवटा निकायको ४० प्रतिशत, एउटामात्रै निकायको ७० प्रतिशत वित्तीय प्रगति भएको छ भने दुईवटा निकायको १० प्रतिशतभन्दा कम प्रगति भएको देखिएको छ । चालु आवको अर्धवार्षिक अवधिमा मन्त्रालय र मातहतका निकायको विनियोजित बजेटमा चालुतर्फ ८७.९३ प्रतिशत र पुँजीगततर्फ १५.८३ प्रतिशतमात्र खर्च भएको छ ।

# लहानका २४ वटै वडामा निःशुल्क क्यान्सर शिविर

सिरहा, १ फागुन (रासस) ।

लहान नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै २४ वटै वडामा निःशुल्क क्यान्सर पहिचान तथा उपचार शिविर सञ्चालन गर्ने भएको छ । क्यान्सर रोगको समयमै पहिचान गरी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नगरपालिकाले 'लहान क्यान्सर केयर सेन्टर' सँग शुक्रबार औपचारिक सम्झौता गरेको छ ।

एक समारोहकाबीच नगरपालिका र केयर सेन्टरबीच सम्झौता भएको घोषणा गरिएको हो । कार्यक्रममा लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले क्यान्सर जस्तो गम्भीर रोगको समयमै पहिचान भए उपचार सम्भव हुने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी नगरका सबै वडामा पुगेर निःशुल्क शिविरमार्फत सेवा दिनेछौँ । करिब एक हजार जना नगरवासीलाई यो सेवा उपलब्ध गराउने हाम्रो मुख्य योजना छ ।"

नगरप्रमुख चौधरीले शिविरमार्फत क्यान्सरको प्रारम्भिक पहिचान गरिने र थप उपचार आवश्यकपर्ने बिरामीका लागि समन्वय गरिने जानकारी दिनुभयो । यस अभियानका लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्थापन गरिसकेको छ ।

लहान क्यान्सर केयर सेन्टरका प्रमुख अशोकलाल अमात्यले क्यान्सर पहिचान अभियान शुक्रबारैदेखि सुरु गरिने जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा पहिचान भएका बिरामीको उपचारमा भक्तपुर क्यान्सर अस्पतालले प्राविधिक सहयोग गर्नेछ । यस अभियानमा लायन्स क्लब अफ लहानलगायत स्थानीय सङ्घसंस्थाले पनि समन्वय र सहजीकरण गर्नेछन् ।

केयर सेन्टरले यसअघि पनि पूर्वाञ्चल क्यान्सर अस्पताल झापा र भक्तपुर क्यान्सर अस्पतालसँगको सहकार्यमा सेवा प्रदान गर्दै आएको छ भने समुदाय र विद्यालयस्तरमा सचेतना कार्यक्रम गर्दै आएको छ ।

त्यस्तै, प्रत्येक महिनाको अन्तिम बुधबार विशेषज्ञ चिकित्सकमार्फत स्क्रिनिङ सेवा दिँदै आएको छ । साथै, महिलामा हुने पाठेघरको मुखको क्यान्सर पहिचानका लागि 'प्याप स्मेयर' परीक्षण दैनिक रूपमा भइरहेको जनाइएको छ ।

समारोहमा भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा उज्ज्वल साहले लहान क्यान्सर सेन्टरसँग प्राविधिक सहकार्य गर्न आफूहरू तयार रहेको बताउनुभयो । उहाँले यो अभियानले सिरहा मात्र नभई सप्तरी र उदयपुरसम्मका बिरामीलाई राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

---

*निःशुल्क स्वास्थ्य ...*

सुधार तथा भूमि व्यवस्थापन नीति, कृषि जमिनको चक्लाबन्दी र कृषि आधुनिकीकरण, सशक्त कृषि व्यवस्था, दिगो विकास लक्ष्य, औद्योगिकीकरण र उत्पादनमुखी अर्थतन्त्र, दलित र महिला अधिकार लगायतका विभिन्न कार्यक्रम समावेश गरिएको छ ।

सामाजिक न्याय, समावेशिता र विभेदरहित सामाजिक व्यवस्थामा विशेष जोड दिँदै जीवनचक्रमा आधारित सामाजिक सुरक्षा प्रणाली विस्तार गरिने उल्लेख छ ।

यस्तै, लुम्बिनी र जनकपुरधामलाई सांस्कृतिक एवं धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास गरिने, सातै प्रदेशमा आगामी पाँच वर्षभित्र अन्तरराष्ट्रियस्तरका क्रिकेट तथा फुटबल रङ्गशाला निर्माण गरिने पनि घोषणा गरिएको छ ।

जसपा नेपालले दिगो विकास लक्ष्यप्रति प्रतिबद्धताका लागि संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यलाई नीति, बजेट र कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडने जनाएको छ । त्यसमा प्रमुख कार्यक्रमअन्तर्गत आगामी पाँच वर्षभित्र गरिबीको रेखामुनि रहेका जनसङ्ख्यालाई १० प्रतिशतमा झार्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा सार्वजनिक लगानी वृद्धि गर्ने, साक्षरता दरलाई ९० प्रतिशत पुऱ्याउने, लैङ्गिक असमानता हटाउने कार्यक्रम सञ्चालन गर्ने, वातावरण संरक्षणलाई नीति तथा बजेटसँग जोडने, समावेशी विकास कार्यक्रमलाई प्रभावकारी बनाउने तथा सम्पूर्ण नागरिकलाई खानेपानीको व्यवस्था सुनिश्चित गर्ने लक्ष्य राखिएको छ ।

पूर्वाधार विकासलाई आर्थिक रूपान्तरणको आधार मान्दै देशव्यापी रूपमा यातायात सञ्जाल विस्तार गरिने घोषणा गरिएको छ । पाँच वर्षभित्र हुलाकी राजमार्ग परियोजना सम्पन्न गरिने, पूर्वपश्चिम रेलमार्ग निर्माणलाई उच्च प्राथमिकता दिइने तथा मधेशका जिल्लामा उत्तर-दक्षिण सडक सञ्जालसहित आर्थिक करिडोर विकास गरिने उल्लेख छ ।

घोषणापत्रमार्फत जसपाले राज्यको उद्देश्य नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु हुनुपर्ने धारणा अघि सारेको छ । राज्यले न्यायपूर्ण सेवा, समान अवसर र पारदर्शी शासनमार्फत प्रत्येक नागरिकलाई राष्ट्र निर्माणको सक्रिय शक्तिका रूपमा विकास गनुपर्ने र त्यसमा जसपाले योगदान गर्ने अठोट गरिएको छ ।

प्रस्तावित कार्यक्रमको कार्यान्वयनमार्फत लोककल्याणकारी राज्य स्थापना, समतामूलक समाज निर्माण तथा समानतामा आधारित समावेशी समाजवादी लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्ने पार्टीको मूल लक्ष्य रहेको घोषणापत्रमा उल्लेख गरिएको छ ।

घोषणपत्र सार्वजनिक गर्दै पार्टी अध्यक्ष उपेन्द्र यादवले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै अघि बढ्ने बताए । अध्यक्ष यादवका अनुसार संविधान संशोधनको आवश्यकतासम्बन्धी धारणा अझै पनि यथावत राखिएको छ ।

पहिचानका आधारमा प्रदेश पुनःसंरचना गरी प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्ने र लोकतन्त्रलाई समावेशी बनाउनु आवश्यक छ", उनले भने,"समावेशी र सामाजिक लोकतन्त्र स्थापितका लागि लागिपर्छौं । यस्तै, शासकीयस्वरूप परिवर्तन र निर्वाचन प्रणाली सुधार गर्नुपर्ने कुरा उठाउँछौं ।"

यस्तै, पराराष्ट्र नीतिमा राष्ट्रिय हितलाई केन्द्रमा राखी सार्वभौमसत्ता, सीमा सुरक्षा, आर्थिक तथा सांस्कृतिक हित संरक्षण गर्दै कूटनीतिकसम्बन्ध अघि बढाउनुपर्ने अध्यक्ष यादवको भनाइ थियो । उनले विश्वव्यापी तापक्रम वृद्धिमा न्यून योगदान गरे पनि उच्च जोखिम बेहोर्नुपरेको भन्दै वातावरणीय न्याय र संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताए ।

## विश्व समाचार

### जनमतसङ्ग्रहमा सुधारको पक्षमा बहुमत

ढाका, १ फागुन (रासस/एएनआई) ।

बङ्गलादेशमा सम्पन्न जनमतसङ्ग्रहमा ६५.३ प्रतिशत मत संवैधानिक सुधारको पक्षमा परेको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । यसले सन् २०२४ को विद्रोहपछि प्रस्तावित व्यापक राजनीतिक रूपान्तरणका एजेन्डालाई जनसमर्थन प्राप्त भएको सङ्केत दिएको छ । आम निर्वाचनसँगै गरिएको उक्त जनमतसङ्ग्रह 'जुलाई चार्टर' नामक ८४ बुँदे सुधार प्रस्ताव कार्यान्वयनसँग सम्बन्धित थियो । उक्त प्रस्तावले भविष्यमा अधिनायकवादी शासन दोहोरिन नदिन संवैधानिक संरचनामा गहिरो परिवर्तन आवश्यक रहेको उल्लेख गरेको छ । डेली स्टारका अनुसार २७ लाखभन्दा बढी मतदाता सुधारको पक्षमा उभिएका छन् । प्रस्तावित सुधारहरूमा कार्यवाहक सरकार गठनको स्पष्ट व्यवस्था, पूर्ण स्वतन्त्र निर्वाचन आयोग स्थापना, द्विसदनीय संसद् प्रारम्भ, प्रधानमन्त्रीको कार्यकालमा सीमा निर्धारण, राष्ट्रपतिको अधिकार पुनर्संरचना, न्यायपालिकाको स्वतन्त्रता सुदृढीकरण तथा संसदमा महिलाको प्रतिनिधित्व वृद्धि जस्ता प्रावधान समावेश छन् । प्रारम्भिक नतिजाले यी विषयमा मतदाताहरूको सकारात्मक धारणा देखाएको छ । निर्वाचनतर्फ प्रारम्भिक गणनाले बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) अग्रस्थानमा रहेको देखाएको छ । विभिन्न सञ्चारमाध्यमका अनुमानअनुसार २९९ प्रत्यक्ष निर्वाचित सिटमध्ये बिएनपी र उसका सहयोगीहरूले १८१ सिट जितेका छन् भने जमात र उसका साझेदारहरूले ६१ सिट प्राप्त गरेका छन् । २४९ निर्वाचन क्षेत्रमा मतगणना सकिएको र ५० क्षेत्रमा प्रक्रिया जारी रहेको डेली स्टारले जनाएको छ यद्यपि, निर्वाचन आयोगले आधिकारिक नतिजा सार्वजनिक गर्न बाँकी रहेको छ । पूर्वप्रधानमन्त्री खालिदा जियाको निधन र शेख हसिनाको अवामी लिगमाथि प्रतिबन्ध लगाएपछि सम्पन्न भएको यो निर्वाचन तथा जनमतसङ्ग्रहलाई बङ्गलादेशको राजनीतिक पुनर्संरचनातर्फको महत्वपूर्ण कदमका रूपमा विश्लेषण गरिएको छ । निर्वाचन आयोगले औपचारिक घोषणा गर्ने तयारी गरिरहेको छ ।

### विरोध प्रदर्शनमा मृतकको संख्या ७ हजार नाघ्यो

तेहरान, १ फागुन (रासस/सिन्ह्वा) ।

इरानमा गत महिनादेखि जारी राष्ट्रव्यापी विरोध प्रदर्शनमा सरकारी दमनका क्रममा कम्तीमा सात हजार पाँच जनाको मृत्यु भएको मानवअधिकारकर्मीहरूले बिहीबार बताएका छन् । अझै धेरैको मृत्युको डर कायमै रहेको छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्ता गरी इरानमाथि थप दबाब दिन प्रयास गर्नुभएको छ । ट्रम्पले आफ्नो सामाजिक सञ्जालमा लेख्नुभयो,"वार्तामा अहिलेसम्म निश्चित निर्णय भएन । मैले भनेको कुरा केवल वार्ता जारी राखेर सम्झौता सम्भव छ कि छैन हेर्नु हो । अघिल्लो पटक इरानले सम्झौता नगरेको थियो र त्यसको परिणाम भोग्नु परेको थियो । आशा छ, यसपटक उहाँहरू जिम्मेवार र व्यावहारिक हुनेछन् ।" ट्रम्पले पत्रकारहरूसँग भन्नुभयो, "इरानले छिट्टै संयुक्त राज्यसँग सम्झौता गर्नु पर्छ । म अनुमान गर्छु, अर्को एक महिनाभित्र केही नतिजा आउला ।" इरानभित्र विरोध प्रदर्शन र दमनप्रति जनता अझै आक्रोशित छन् । मृतक परिवारहरूले परम्परागत ४० दिने शोक पालन सुरु गर्दा आक्रोश अझ बढ्ने अनुमान गरिएको छ ।

### मानव-हात्ती द्वन्द्व रोक्न खोप

बैङ्कक, १ फागुन (रासस/एपी) ।

खेतीयोग्य जमिन विस्तार र वन क्षेत्र सङ्कुचनसँगै बढ्दै गएको मानव-हात्ती द्वन्द्वलाई नियन्त्रण गर्न थाइल्यान्डले जङ्गली हात्तीमा जन्म नियन्त्रण खोप प्रयोग गर्न सुरु गरेको छ । अधिकारीहरूका अनुसार आवासीय क्षेत्र नजिक हात्तीको तीव्र बढ्दो सङ्ख्याले जनधनमा जोखिम बढाएपछि यो कार्यक्रम अघि बढाइएको हो । आधिकारिक तथ्याङ्कले गत वर्ष जङ्गली हात्तीको आक्रमणबाट ३० जनाको मृत्यु र २९ जना घाइते भएको देखाएको छ । साथै बाली नोक्सानीका दुई हजारभन्दा बढी घटना दर्ता भएका छन् । वन फँडानी र खेती विस्तारका कारण हात्तीहरू आफ्नो प्राकृतिक बासस्थानबाट बाहिरिन बाध्य हुँदा द्वन्द्व चर्किएको जनाइएको छ । वन्यजन्तु संरक्षण विभागका निर्देशक सुखी बुनसाङले आवासीय क्षेत्र आसपास बसोबास गर्ने हात्तीहरूको सङ्ख्या तीव्र रूपमा बढेकाले नियन्त्रण अपरिहार्य बनेको बताउनुभयो । विभागले अमेरिकामा निर्मित २५ खुराक खोप प्राप्त गरेको र दुई वर्षसम्म सात घरपालुवा हात्तीमा परीक्षण गरिएको जानकारी दिनुभएको छ । सात खुराक प्रयोग गरिएको र उक्त परीक्षणले सकारात्मक नतिजा दिएको उहाँले बताउनुभयो । उहाँका अनुसार खोपले पोथी हात्तीमा डिम्बस्फोटन रोकेर होइन, निषेचन प्रक्रिया अवरुद्ध गरेर गर्भधारण रोक्छ । गत जनवरीको अन्त्यमा पूर्वी ट्राट प्रान्तमा तीन जङ्गली हात्तीलाई खोप दिइएको थियो । बाँकी १५ खुराक प्रयोग गर्ने तयारी भइरहेको र कुन क्षेत्रलाई प्राथमिकता दिने भन्ने विषयमा अध्ययन भइरहेको उहाँले उल्लेख गर्नुभयो । खोपले सात वर्षसम्म गर्भधारण रोक्ने र त्यसपछि बुस्टर नदिए पुनः प्रजनन सम्भव हुने बताइएको छ । खोप लगाइएका हात्तीहरूलाई सो अवधिभर नजिकबाट निगरानी गरिनेछ । तर कार्यक्रमले संरक्षण पक्षबाट आलोचना पनि खेपिरहेको छ । थाइल्यान्डमा हात्ती खेती र यातायातमा प्रयोग गर्ने शताब्दीयौँ पुरानो परम्परा छ र हात्ती राष्ट्रको प्रतीकका रूपमा मानिन्छ । सुखीले भने यो योजना हिंसात्मक द्वन्द्व बढी देखिएका क्षेत्रका जङ्गली हात्तीमा मात्र सीमित रहेको स्पष्ट पार्नुभयो । ती क्षेत्रमा वार्षिक जन्मदर ८.२ प्रतिशत रहेको छ । यो राष्ट्रिय औसत ३.५ प्रतिशतभन्दा दोब्बरभन्दा बढी हो । करिब चार हजार ४०० जङ्गली हात्तीमध्ये लगभग ८०० यिनै द्वन्द्वग्रस्त क्षेत्रमा बसोबास गर्ने बताइएको छ । "यदि समयमै हस्तक्षेप गरिएन भने स्थानीय बासिन्दामाथि पर्ने असर असहनीय हुन सक्छ", उहाँले चेतावनी दिनुभयो । खोप अभियानसँगै जङ्गलभित्र थप पानी र खाद्य स्रोत सिर्जना गर्ने, सुरक्षात्मक बार लगाउने तथा आवासीय क्षेत्रमा भट्किएका हात्तीलाई मार्गनिर्देशन गर्न रेन्जर्स परिचालन गर्ने जस्ता उपाय पनि लागू गरिएको छ । यसै महिनाको सुरुमा उत्तरपूर्वी खोन केन प्रान्तमा बारम्बार झडपमा संलग्न जङ्गली हात्ती स्थानान्तरण गर्ने क्रममा एक हात्तीको मृत्यु भएपछि सार्वजनिक आलोचना बढेको थियो । प्रारम्भिक शवपरीक्षणले श्वासप्रश्वास रोकिएर मृत्यु भएको देखाएको अधिकारीहरूले बताएका छन् । राष्ट्रिय निकुञ्ज, वन्यजन्तु तथा वनस्पति संरक्षण विभागका महानिर्देशक अथापोल चारोएनसुन्साले घटनाप्रति खेद व्यक्त गर्दै निर्धारित प्रोटोकल पालना गरिएको दाबी गर्नुभयो । यस्ता घटना पुनः नदोहोरियोस् भनेर अनुसन्धान जारी रहेको उहाँले जानकारी दिनुभयो ।

# कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्र पठाउन थालियो

काठमाडौँ, १ फागुन (रासस)।

निर्वाचन आयोगले कर्णाली प्रदेशका विभिन्न १० जिल्लामा मतपत्र पठाउन थालेको छ। मतपत्र छपाइ सम्पन्न भएका सो प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा ढुवानी गर्न थालेको हो।

आयोगका अनुसार कर्णाली प्रदेशका सल्यान, रुकुमपश्चिम, डोल्पा, मुगु, हुम्ला, कालिकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेतका निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो। यस्तै, ५८ जिल्लाका १२४ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको आयोगले जनाएको छ। कुल एक करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ सम्पन्न भएको छ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम ( पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभाको मतपत्र छपाइ सम्पन्न भएको छ।

त्यसैगरी, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, स्याग्दी, पर्वत, बर्दघाट सुस्तापश्चिम ( नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुमपूर्व, दाङ, बाँके, नवलपरासी ( बर्दघाट सुस्तापूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रूपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा र सिन्धुपाल्चोकको मतपत्रसमेत छपाइ सम्पन्न भएको छ।

आयेगका अनुसार हालसम्म १४ हजार ३४१ बाकस मतपत्र प्याकिङ भइसकेको छ। हाल दैनिक करिब एक हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा मतपत्र छपाइ भइरहेको छ। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ।

यस्तै, प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ। यही माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो।

# अख्तियार बर्दिवास कार्यालयमा धनुषाका उजुरी धेरै

जनकपुरधाम, १ फागुन (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासमा धनुषा जिल्लाका भ्रष्टाचारसम्बन्धी उजुरी सबैभन्दा बढी दर्ता भएका छन्।

कार्यालयका अनुसार चालु आर्थिक वर्षका पछिल्ला छ महिनामा दुई हजार ५२५ वटा उजुरी दर्ता भएकामा धनुषाका ७८० उजुरी छन्। प्रदेश राजधानी रहेको यस जिल्लामा १८ वटा पालिका रहेका छन्।

कार्यालयका उपसचिव प्रकाश पोखरेलले दर्ता भएका उजुरीमध्ये ८१२ वटा उजुरी फर्छ्यौट भएका र एक हजार ७१३ उजुरी छानबिनको क्रममा रहेका बताउनुभयो। उहाँका अनुसार दर्ता भएका उजुरीमध्ये ७२ दशमलव ६१ प्रतिशत स्थानीय तहसँग सम्बन्धित रहेका छ।

जिल्लागत रूपमा सबैभन्दा बढी धनुषाका ७८०, महोत्तरीका ५१४, सिरहाका ४८१, सर्लाहीका ३९७ र सबैभन्दा कम सोलुखुम्बू जिल्लाका ३९ वटा उजुरी दर्ता भएका छन्।

आयोगमा दर्ता भएका उजुरीहरूको 'स्क्रिनिङ' गरी प्रारम्भिक तथा विस्तृत छानबिनमार्फत तामेली गर्ने, आवश्यक कारबाहीका लागि लेखी पठाउने वा अदालतमा अभियोजन गर्ने प्रक्रिया अपनाउने गरिएको उपसचिव पोखरेलले बताउनुभयो। "चालु आवका छ महिनामा ६०५ उजुरी तामेली, १० वटा सुझावसहित तामेली, ७९ मा आवश्यक कारबाहीका लागि लेखी पठाइएको छ। यसैगरी ११८ उजुरी एकीकरण गरिएको छ", उहाँले भन्नुभयो।

आयोगको बर्दिवास क्षेत्रीय कार्यालयअन्तर्गत मधेस प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाही, कोशी प्रदेशका ओखलढुङ्गा, खोटाङ र सोलुखुम्बू, बागमती प्रदेशका सिन्धुली र रामेछाप पर्दछन्। मधेसका रौतहट, बारा र पर्सा आयोगको कार्यालय हेटौँडामा तथा सप्तरी इटहरीको कार्यालयको क्षेत्राधिकारमा पर्ने गरेको छ।

आयोगको बर्दिवास कार्यालय प्रमुख रामबहादुर कुरुम्वाङले भ्रष्टाचार नियन्त्रण गर्न आयोग सदाचार, निष्पक्षता र निर्भिकताका साथ काम गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

# माघ मसान्तसम्म ४० प्रतिशत बजेट खर्च, विकास खर्च १५ प्रतिशतमा खुम्चियो

काठमाडौँ, १ फागुन (रासस)।

चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार यो अवधिमा सरकारको आम्दानी वार्षिक लक्ष्यको ४४ र खर्च ४० प्रतिशतमा खुम्चिएको छ।

चालु आवका लागि कूल रू १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरिएकोमा माघ मसान्तसम्ममा रू आठ खर्ब एक अर्ब ३७ करोड ४९ लाख खर्च भएको छ। यस वार्षिक विनियोजनको ४० दशमलव ८ प्रतिशत बराबर हो। चालुगत शीर्षकमा यस वर्ष रू ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४७ दशमलव ६२ प्रतिशत अर्थात् रू पाँच खर्ब ६२ अर्ब ३७ करोड १५ लाख बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा १५ दशमलव ६२ प्रतिशत अर्थात् रू ६३ अर्ब ७२ करोड ९९ लाख खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकको माघ मसान्तसम्मको खर्च ४६ दशमलव ७१ प्रतिशत छ। यो शीर्षकमा रू तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएकोमा रू एक खर्ब ७५ अर्ब २७ करोड ३५ लाख खर्च भएको छ।

यस आवका लागि सरकारले रू १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा माघ मसान्तसम्ममा ४४ दशमलव ४९ प्रतिशत प्रगति भएको छ। हालसम्ममा रू छ खर्ब ८२ अर्ब १६ करोड ७३ लाख बराबर राजस्व उठेको छ। कर राजस्वतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २१ प्रतिशत अर्थात् रू पाँच खर्ब ९९ अर्ब ३१ करोड ४६ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ४२ दशमलव ५५ अर्थात् रू ६५ अर्ब ७१ करोड तीन लाख बराबर असुली भएको छ।

चालु आवमा रू ५३ अर्ब ४४ करोड ६९ लाख बराबरको वैदेशिक अनुदान लिने सरकारी लक्ष्य थियो। माघ मसान्तसम्ममा रू १२ अर्ब ८३ करोड ७९ लाख बराबर अर्थात् वार्षिक लक्ष्यको २४ दशमलव ०२ प्रतिशत प्राप्त भएको कार्यालयले जनाएको छ।

# विमानस्थलमा जुलुस, प्रदर्शन, भेलाजस्ता कार्यक्रम गर्न नपाइने

काठमाडौँ, १ फागुन (रासस)।

काठमाडौँ प्रशासनले अतिसंवेदनशील मानिने त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल क्षेत्रमा जुलुस, प्रदर्शन, हड्ताल तथा भेलाजस्ता कार्यक्रम गर्न नपाइने जानकारी गराउँदै यस्ता गतिविधि भए कारबाही गर्ने स्पष्ट पारेको छ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले फागुन १ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल र आसपासका क्षेत्रमा केही प्रदर्शन, भेला र र्‍यालीजस्ता गतिविधि गर्ने भनी केही समूह तथा राजनीतिक दलबाट जारी भएका विज्ञप्ति एवं सूचना र सामाजिक सञ्जालका विषयवस्तुप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो।

यस प्रकारका प्रदर्शन, र्‍याली, भेलाजस्ता गतिविधि गर्नका लागि स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम अनुमति लिनुर्पेमा कोही कसैले यस कार्यालयमा जानकारी गराउने वा पूर्वस्वीकृति लिने कार्य नगरेको पनि उहाँले बताउनुभयो।

उहाँले एक सार्वजनिक सूचना जारी गरी निर्वाचन आचारसंहिता लागू भइसकेको हालको अवस्थामा यस्ता प्रकृतिका कार्यक्रम गर्न बन्देज रहेको तथा यस प्रकारका कार्यक्रममा निर्वाचनविरोधी भनिएका समूहसमेतको घुसपैठ हुनसक्ने सम्भावना रहेको पनि बताउनुभएको छ।

काठमाडौँ प्रशासनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आसन्न निर्वाचनको सन्दर्भ, फागुन ३ गतेको महाशिवरात्रि पर्वको व्यवस्थापन, धार्मिक एवं सांस्कृतिक आस्थाको सम्मान गर्दै उक्त पर्वलाई भव्य रूपमा सम्पन्न गर्न, अन्तरराष्ट्रिय विमानस्थलजस्तो अत्यन्त संवेदनशील स्थान र आसपासका क्षेत्रसमेतको सुरक्षालाई मध्यनजर गर्दै, विमानस्थलसम्म आवतजावत गर्ने यात्रुहरूको सहज आवागमनलाई सुनिश्चित गर्न, विमानस्थल आसपासका क्षेत्र एवं सार्वजनिक सडक मार्गमा यातायात सञ्चालन तथा आम सर्वसाधारणको निर्वाध आवतजावत गर्न पाउने हक सङ्कुचन हुनेगरी कुनै प्रकारको जुलुस, प्रदर्शन, हड्ताल, र्‍याली, भेला हुनेजस्ता कार्य नगर्न/नगराउन, सामाजिक सञ्जालका माध्यमबाट यस प्रकारका कार्यहरूलाई प्रेरित गर्ने वा उक्साउनेजस्ता गतिविधि नगर्न/नगराउन जानकारी गराइएको छ।"

निषेधित र संवेदनशील क्षेत्रमा यस प्रकारका कानुनविपरीतका कार्यहरूमा संलग्न हुने जोसुकैलाई प्रचलित कानुनबमोजिम कारबाही हुने पनि प्रशासनले जानकारी गराएको छ।

# सुरक्षा संवेदनशीलता विश्लेषण गरी परिचालित हुन प्रहरी महानिरीक्षक कार्कीद्वारा निर्देशन

काठमाडौँ, १ फागुन (रासस)।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले आसन्न निर्वाचनको समयमा देखापर्नसक्ने चुनौतीको समयमै सूचना संकलन र सुरक्षा संवेदनशीलतालाई विश्लेषण गर्दै परिचालित हुन निर्देशन दिनुभएको छ।

'आसन्न निर्वाचनको सन्दर्भमा अपनाउनुपर्ने सुरक्षा संवेदनशीलता तथा समसामयिक विषयवस्तुमा' शुक्रबार भर्चुअल माध्यमबाट प्रहरी कर्मचारीलाई निर्देशन दिँदै उहाँले आसन्न निर्वाचनलाई राष्ट्रिय सङ्कल्पका रूपमा लिई निर्वाचनलाई भयरहित र निष्पक्ष वातावरणमा सम्पन्न गराउन आग्रह गर्नुभयो।

"निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने एवम् अवाञ्छित गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याउन सूचना संकलनलाई उच्च प्राथमिकतामा राखि भरपर्दो सुरक्षा संयन्त्र परिचालित हुनुस्", महानिरीक्ष कार्कीले भन्नुभयो। उहाँले जुनसुकै निर्वाचन क्षेत्रमा हुनसक्ने अनपेक्षित घटनाको सम्बोधनको लागि सूचना संकलन तथा विश्लेषण एवम् पूर्वअभ्यासहरूलाई प्राथमिकतामा राखी प्रहरी कर्मचारीहरू सदैव तयारी हालतमा रहनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक कार्कीले सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरूसँग शान्ति सुरक्षाको अवस्था एवम् आसन्न निर्वाचनको तयारी लगायतका विषयवस्तुसम्बन्धी जानकारी लिनुभएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*